# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, साउन १२ गते २०६० साल (अतिरिक्ताङ्क १८ (ग)

## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

### भूमि सम्बन्धी (चौधौं संशोधन) नियमहरु, २०६०

भूमि सम्बन्धी नियमहरु, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "भूमि सम्बन्धी (चौधौं संशोधन) नियमहरु, २०६०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम २ मा संशोधन : भूमि सम्बन्धी नियमहरु, २०२१ (यसपछि "मूल नियमहरु" भनिएको) को नियम २ को,-

(१) खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(क२) "जिल्ला भूमिसुधार कार्यालय" भन्नाले भूमिसुधार अधिकारीको कार्यालय सम्झनु पर्छ र सो शब्दले भूमिसुधार कार्यालय नभएको ठाउँमा सम्बन्धित मालपोत कार्यालयलाई समेत जनाउँछ ।"

(२) खण्ड (त्र) पछि देहायका खण्ड (ट), (ठ), (ड, (ढ), (ण), (त) र (थ) थपिएका छन् :-

"(ट) "भू-उपयोग समिति" भन्नाले नियम ३९ञ. बमोजिम गठित भू-उपयोग समिति सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) "मूल्याङ्कन समिति" भन्नाले नियम ३९त. बमोजिम गठित मूल्याङ्कन समिति सम्झनु पर्छ।

(ड) "परिषद्" भन्नाले ऐनको दफा ५१च. बमोजिम गठित भू-उपयोग परिषद् सम्झनु पर्छ।

(ढ) "भू-उपयोग" भन्नाले जग्गाको उपयोग अनुसार विभिन्न क्षेत्रमा विभिन्न प्रकारले जग्गाको विभाजन गरी प्रयोगमा ल्याउने प्रकृया सम्झनु पर्छ।

(ण) "चक्लाबन्दी" भन्नाले कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व वढाउन स-साना कित्तामा छरिएर रहेका जग्गालाई एकीकरण गर्ने प्रकृया सम्झनु पर्छ।

(त) "खण्डीकरण" भन्नाले मौजुदा जग्गालाई स-साना कित्तामा विभाजन गर्ने कार्य सम्झनु पर्छ।

(थ) "स्थानीय निकाय" भन्नाले नगरपालिका र गाउँ विकास समिति सम्झनु पर्छ।"

३. मूल नियमहरुको नियम १२ मा संशोधन : मूल नियमहरुको नियम १२ को सट्टा देहायको नियम १२ राखिएकोछ :-

"१२. अधिकारी तोक्ने : ऐनको दफा ९ को उपदफा (४) र दफा ११ को उपदफा (१) र (२) को प्रयोजनको लागि अधिकारीमा भूमिसुधार अधिकारीलाई तोकिएको छ।"

४. मूल नियमहरुको नियम १३ मा संशोधन : मूल नियमहरुको नियम १३ को उपनियम (२) र (३) झिकिएका छन्।

५. मूल नियमहरुको नियम १४ मा संशोधन : (१) मूल नियमहरुको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छ –

"१४. अधिकतम हदभन्दा बढी जग्गाको मोहीयानी हक प्राप्त गर्ने : (१) नियम ६ बमोजिम प्रकाशित भएको फाँटवारीमा उजुर गर्ने म्याद गुज्री उजुर नलाग्ने भैसकेकोमा सो प्रकाशित फाँटवारी बमोजिम र उजुरी परेकोमा उजुरीको अन्तिम निर्णय बमोजिम जिल्ला भूमिसुधार अधिकारीले ऐनको दफा ८ मा तोकिएको अधिकतम हद भन्दा बढी भएको जग्गाको मोहीयानी हक सम्बन्धित व्यक्तिबाट प्राप्त गर्ने क्रममा ऐनले व्यवस्था गरे बमोजिम मोही र जग्गा धनीको बीचको बाँडफाँडको कार्य सम्पन्न गरी यसपछिका नियमहरु अनुसार बिक्री वा वितरण गर्नेछ। त्यसरी प्राप्त गरिएपछि सम्वन्धित व्यक्तिको सो जग्गामा मोहीयानी हक तथा अधिकार स्वत: समाप्त भएको मानिनेछ।

तर-

(अ) ऐनको दफा ८ मा तोकिएको अधिकतम हदभित्र पारी मोहीयानी हक कायम राख्न निजले रोजेको जग्गाबाट निजलाई झिकिने छैन।

(आ) यो नियम प्रारम्भ हुनुभन्दा अघिदेखि नै कुनै जग्गाको मोहीयानी हक बन्धकी लिई भोग गरिरहेको साहुले ऐनको दफा ८ बमोजिम सो हक भोग गर्न नपाउने भएमा त्यस्तो जग्गाको मोहियानी हक ऐनको दफा ८ मा तोकिएको अधिकतम हद भित्र पारी असामीलाई फिर्ता गर्न सकिने जति असामीलाई फिर्ता दिलाइने छ। त्यस्तो दुई वा सो भन्दा बढी व्यक्तिको मोहीयानी हक बन्धकी लिई भोग गरिरहेको भए लिखतको मितिको हिसाबले अघिल्लो असामीलाई फिर्ता दिलाइने छ।

(इ) यस नियम बमोजिम प्राप्त गरेको जग्गा यसपछिका नियमहरु बमोजिम बिक्री वा वितरणमा पाउने व्यक्तिलाई हस्तान्तरण नभएसम्म साबिक मोहीले साबिक बमोजिम भोग चलन गर्न पाउने छ।

(२) यस नियमबमोजिम मोहीबाट हदबन्दीमा प्राप्त भएको जग्गा बिक्री वितरण नभएसम्म रोक्का राख्न सम्वन्धित मालपोत कार्यालयमा लेखी पठाउनुपर्ने छ।"

६ मूल नियमहरुको नियम १५ मा संशोधन : मूल नियमहरुको नियम १५ को उपनियम (५) मा रहेका "मोहियानी हक " भन्ने शब्दहरु पछि "बापतको जग्गा" भन्ने शब्दहरु थपिएका छन्।

७. मूल नियमहरुको नियम १६ मा संशोधन : मूल नियमहरुको नियम १६ को सट्टा देहायको नियम १६ राखिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१६. अधिकतम हदभन्दा बढी भएको मोहियानी हक वापतको जग्गा बिक्री वा वितरण:– (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम सजाय भएको व्यक्तिलाई निष्काशन गरी प्राप्त गरिएको मोहियानी हक रहेको जति जग्गा मध्ये ऐनले व्यवस्था गरे बमोजिम बाँडफाँड गरी छुट्याई मोही भागमा पर्ने जति जग्गा र नियम १४ बमोजिम प्राप्त गरिएको मोहियानी हक वापतको जग्गा भूमिसुधार अधिकारीले ऐनको दफा २१ को अधीनमा रही बिक्री वितरण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त गरी बिक्री गरिएको जग्गाको सम्बन्धमा नियम १५ बमोजिम त्यसको क्षतिपूर्ति साविक मोहीलाई दिने भन्ने श्री ५ को सरकारले निर्णय गरेको रहेछ भने नियम १४ बमोजिम प्राप्त गरिएको त्यस्तो जग्गा उपनियम (१) बमोजिम बिक्री वितरणमा पाउने व्यक्तिले नियम १५ बमोजिम निर्धारित रकम एकमुष्ट वा पाँच वार्षिक किस्तासम्ममा नगदीमा जिल्ला भूमिसुधार अधिकारी छेउ वा निजले सो कामको लागि तोकिएको ठाउँमा बुझाउनु पर्नेछ । किस्ताबन्दिमा भुक्तानी गर्नेसँग वार्षिक दश प्रतिशतका दरले भुक्तानी हुने अवधिको व्याज समेत लगाई असुल गरिनेछ ।

तर अधिकतम हद भन्दा बढा जग्गा कमाई निष्काशन भएको मोहीको हकमा उक्त व्यवस्था लागू हुने छैन ।

(३) उप नियम (२) बमोजिमको किस्ताको रकम प्रत्येक सालको माघ मसान्तसम्ममा बुझाउनु पर्ने छ ।

तर कसैले बुझाउनु पर्ने पूरा रकम वा एक वा एकभन्दा बढी किस्ता वा त्यसको कुनै अंश सो किस्ता बुझाउनुपर्ने म्याद अगावै कुनै समय बुझाउन चाहेमा बुझाउन सक्नेछ ।

(४) यस नियम बमोजिम असूल हुने रकमलाई जिल्ला भूमिसुधार अधिकारीले बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गर्नु गराउनु पर्छ ।

(५) कसैले यस नियम बमोजिम बुझाउनु पर्ने कुनै किस्ताको रकम म्याद भित्र नबुझएमा जिल्ला भूमिसुधार अधिकारीको आदेशले सम्बन्धित जग्गाबाट निजलाई निष्काशन गरी यी नियमहरु बमोजिम अरु व्यक्तिलाई बिक्री वितरण गरिनेछ ।

(६) उपनियम (१) बमोजिम जग्गा बिक्री वितरणमा पाउने व्यक्तिलाई भूमिसुधार अधिकारीले अनुसूची-५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(७) यस नियम बमोजिम बिक्री वितरण भएको जग्गाको दर्ता किताब अनुसूची-१८ बमोजिमको ढाँचामा राखिनेछ र बिक्री वितरणमा पाउने व्यक्तिको नाउँमा दाखिल खारेज गर्न सोको प्रतिलिपि मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।"

८. मूल नियमहरुको नियम १७ मा संशोधन : मूल नियमहरुको नियम १७ को उपनियम (२) र (३) झिकिएका छन् ।

९. मूल नियमहरुको नियम १८ मा संशोधन : मूल नियमहरुको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छ :-

"१८. जग्गाको फाँटवारी दाखिल गर्ने सूचना : (१) ऐनको दफा १३ को उपदफा (१) र (१क) बमोजिम भूमिसुधार अधिकारीले सूचना प्रकाशन गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा प्रकाशन गर्नु, गराउनु पर्नेछ र सो सूचना जिल्ला विकास समितिको कार्यालय र अन्य स्थानीय प्रमुख स्थानमा टाँसी प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जग्गावाला वा मोही वा निजको तर्फबाट अरु कसैले दाखिल गर्नु पर्ने फाँटवारीको ढाँचा अनुसूची-७ बमोजिमको हुनेछ । त्यस्तो फाँटवारी दाखिल गर्दा फाँटवारीको दुई प्रति राखी ऐनको म्याद भित्रै दाखिल गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम फाँटवारी पेश गर्नु पर्ने कर्तव्य भएका व्यक्तिले त्यस्तो फाँटवारी ऐनको दफा १३ को उपदफा (१क) को अधीनमा रही भूमिसुधार कार्यालयमा पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८२

तर ऐनको दफा ७ मा तोकिएको अधिकतम हदसम्म वा सोभन्दा कम जग्गा भएका जग्गावालाले यस नियम बमोजिम दाखिल गर्नु पर्ने फाँटवारी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा दाखिल गर्न सक्ने छन्।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जग्गावालाले सम्बन्धित स्थानीय निकायमा दाखिल गरेको एक प्रति फाँटवारी सो निकायले म्याद समाप्त भएको मितिले एक महिनाभित्र सम्बन्धित भूमिसुधार कार्यालयमा दाखिल गर्नु पर्नेछ।

(५) उपनियम (३) र (४) बमोजिम दाखिल हुन आएको ऐनको दफा ७ मा तोकिएको अधिकतम हदसम्म वा सोभन्दा कम जग्गा उल्लेख भएका फाँटवारीको अभिलेख भूमिसुधार अधिकारीले गाउँ विकास समिति वा नगरपालिकाको छुट्टाछुट्टै रुपमा देखिने गरी अद्यावधिक गरी राख्नु पर्नेछ।"

१०. मूल नियमहरुको नियम १९ मा संशोधन : मूल नियमहरुको नियम १९ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) ऐनको दफा १३ बमोजिम फाँटवारी दाखिल भएपछि भूमिसुधार अधिकारीले स्थानीय निकायको प्रतिनिधि, मालपोत कार्यालय, नापी शाखा र सम्बन्धित अन्य निकाय वा अधिकारीको राय समेत बुझ्नु पर्ने देखिएमा बुझी जग्गा र मोहीको लगत र उपलब्ध भएको अन्य कागज प्रमाण हेरी आवश्यक जाँचबुझ गर्न सक्नेछ।"

(२) उपनियम (२) मा रहेका "जग्गावालाबाट" भन्ने शब्दहरुको सट्टा "जग्गावाला वा मोहीबाट" भन्ने शब्दहरु राखिएका छन्।

११. मूल नियमहरुको नियम २१ मा संशोधन : मूल नियमहरुको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छ :-

"२१. जग्गावालालाई दिइने क्षतिपूर्ति : (१) ऐनको दफा १५ अन्तर्गत प्राप्त गरिएको जग्गाको सम्बन्धमा जग्गावालालाई ऐनको परिच्छेद-५ अन्तर्गत क्षतिपूर्ति दिंदा मूल्य निर्धारण समितिले निर्धारण गरेको दरले दिइनेछ। मूल्य निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्दा सम्बन्धित मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि कायम गरेको न्यूनतम मूल्याङ्कनको तीस प्रतिशतमा नघटाई र पचास प्रतिशतमा नबढाई आवश्यक जाँचबुझ गरी निर्धारण गर्नेछ।

(२) उपनियम (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि भूमिसुधार अधिकारीले प्रत्येक जग्गावालाको सम्बन्धमा निर्धारित गरिएको क्षतिपूर्तिको रकमको तालिका अनुसूची-१७ बमोजिमको ढाँचामा तयार गरी सो तालिका आफ्नो तथा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय र मालपोत कार्यालयको सूचना पाटीमा घटीमा पैंतीस दिनको म्याद तोकी सूचना प्रकाशन गर्नेछ।

(३) ऐनको दफा १५ बमोजिम कुनै जग्गावालाबाट प्राप्त गरिएको जग्गा दुई वा दुई भन्दा बढी जिल्ला भित्र परेमा त्यस्तो जग्गावालाको जग्गा सम्बन्धमा सम्बन्धित जिल्लाको मूल्य निर्धारण समितिले उपनियम (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण गरी उपनियम (२) बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनाको एक प्रति फाँटवारी पेश गरेको कार्यालयमा समेत पठाउनु पर्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम प्रकाशित क्षतिपूर्ति निर्धारणको तालिकामा चित्त नबुझ्ने व्यक्तिले सो तालिका प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

(५) उपनियम (२) र (३) बमोजिम प्रकाशित क्षतिपूर्ति निर्धारण तालिकामा उपनियम (४) बमोजिम पुनरावेदन गर्ने म्याद गुज्री पुनरावेदन नलाग्ने भई सकेकोमा सो प्रकाशित तालिका बमोजिम र पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट अन्तिम निर्णय भए बमोजिम जिल्ला भूमिसुधार अधिकारीले सम्बन्धित जग्गावालालाई ऐनको परिच्छेद-५ बमोजिम क्षतिपूर्ति दिने व्यवस्था गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) सम्बन्धित जग्गाको तेरो मेरो सम्बन्धी झगडा परी कुनै मुद्दा अदालत वा अधिकार प्राप्त अधिकारी समक्ष विचाराधीन रहेकोमा सो टुंगो नलागेसम्म झगडा परे जति जग्गाको क्षतिपूर्ति रोक्का राखिनेछ ।"

१२. मूल नियमहरुको नियम २३ मा संशोधनः मूल नियमहरुमको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छः-

"२३. जग्गाको बिक्री वितरणः : (१) ऐन बमोजिम प्राप्त र जफत भएको जग्गालाई भूमिसुधार अधिकारीले ऐनमा तोकिएको प्राथमिकताको आधारमा देहायको हदसम्म बिक्री वितरण गर्नेछ र सो प्रयोजनको निमित्त बिक्री वितरणमा जग्गा लिन चाहने व्यक्तिबाट दरखास्त आव्हान गर्नेछ । यसरी आव्हान गरिएको सूचना जिल्ला भित्रका सम्बन्धित सबै गाउँ विकास समिति वा नगरपालिकामा पठाउनु पर्नेछ र गाउँ विकास समिति वा नगरपालिकाले सो सूचना आफ्नो इलाकाभित्र प्रकाशन गरी सो को जानकारी भूमिसुधार कार्यालयमा पठाउनु पर्नेछ ।

(क) तराई क्षेत्र अन्तर्गत शहरी इलाकामा बढीमा दुई कठ्ठा र अन्य इलाकाको जग्गाको हकमा बढीमा दश कठ्ठासम्म,

(ख) काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा बढीमा आठ आना र अन्य क्षेत्रमा बढीमा एक रोपनीसम्म,

(ग) पहाडी क्षेत्रको शहरी इलाकामा बढीमा एक रोपनी र अन्य क्षेत्रमा बढीमा पाँच रोपनीसम्म, र

(घ) शिक्षण संस्था र अन्य सार्वजनिक संघ संस्थाका हकमा क्षेत्रगत आधारमा सामान्यतया माथि खण्ड (क) देखि (ग) सम्म उल्लेख भएको हदसम्म ।

(२) उपनियम (१) बमोजिम जग्गा बिक्री वितरण गर्दा भूमिसुधार अधिकारीले सम्भव भएसम्म एकासगोलका पति र पत्निको नाउँमा संयुक्त रुपमा रहने गरी बिक्री वितरण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम बिक्री वितरणमा जग्गा पाउने व्यक्ति वा संस्थाको नाम जग्गावालाको हैसियतले दर्ता भइसकेपछि भूमिसुधार अधिकारीले निजलाई अनुसूची-९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(४) ऐनको दफा २१ख. बमोजिम जग्गाको दर्ता किताब अनुसूची-१८ बमोजिमको ढाँचामा राखिनेछ ।

(५) उपनियम (१) को खण्ड (घ) बमोजिम शिक्षण संस्था वा संघ संस्थाका नाउँमा बिक्री वितरण भएको जग्गाको साविक जग्गावालालाई दिइने क्षतिपूर्तिको सम्बन्धमा श्री ५ को सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

(६) ऐनको दफा २२ को उपदफा (४) बमोजिम जफत भएको जग्गा भूमिसुधार अधिकारीले देहाय बमोजिम पुनः बिक्री वितरण गर्न सक्नेछ :-

(क) कसैले यी नियमहरु लागू हुनुभन्दा अघि कायम रहेका नियमहरु बमोजिम जग्गा पाई ऐनको दफा २२ को उपदफा (४) बमोजिम जफत भएको जग्गाको सम्बन्धमा त्यस्तो जग्गा बिक्री वितरणमा पाएको व्यक्ति वा निजको परिवारले नै कमाई आएको रहेछ भने यी नियमहरु बमोजिम निर्धारित मूल्य तथा बक्यौता मालपोत समेत लिई निजलाई नै उक्त जग्गा पुनः बिक्री वितरण गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिमको जग्गा सो खण्डमा उल्लेख भएको व्यक्तिले नकमाई अन्य व्यक्तिले कमाई आएको रहेछ भने सो सम्बन्धमा ऐनको दफा २१ को अधीनमा रही उपनियम (१) र (२) बमोजिम बिक्री वितरण गर्ने ।

(७) ऐनको दफा २४क. को उपदफा (२) बमोजिम जफत भएको जग्गाको हकमा उपनियम (१) र (२) को अधिनमा रही पुनः बिक्री वितरण गरिनेछ ।"

१३. मूल नियमहरुको नियम २४ मा संशोधन : मूल नियमहरुको नियम २४ को,-

(१) उपनियम (१) मा रहेको "र २१क." भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (१) अनुसार बुझाइएको रकमलाई सो बुझिलिने कार्यालय वा अधिकारीले बैंकमा दाखिल गर्नु पर्नेछ ।"

१४. मूल नियमहरुको नियम २४च. मा संशोधन : मूल नियमहरुको नियम २४च. को उपनियम (८) पछि देहायका उपनियम (९) र (१०) थपिएका छन् :-

"(९) यस नियम बमोजिम धरौटी रकम बुझ्नु पर्ने वा बुझाउनु पर्ने कर्तव्य भएको व्यक्तिको वतन खुल्न नसकी वा पत्ता नलागी म्याद वा सूचना तामेल हुन नसकेमा सम्पूर्ण व्यहोरा खुलाई राष्ट्रियस्तरको समाचारपत्रमा पैंतीस दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिम सूचना प्रकाशन भएपछि पनि रकम बुझ्न नआएमा त्यस्तो धरौटी रकम सम्बन्धमा श्री ५ को सरकारले निर्णय गरे बमोजिम हुनेछ ।"

१५. मूल नियमहरुमा नियम २४छ. र २४ज. थप : मूल नियमहरुको नियम २४च. पछि देहायका नियम २४छ. र २४ज. थपिएका छन् :-

"२४छ. मोही र जग्गाधनी बीच बाँडफाँड सम्बन्धी अन्य व्यवस्थाः (१) ऐनको दफा २६घ१. बमोजिम पर्न आएका निवेदनको फछ्र्यौट नियम २४ख. को उपनियम (२) को प्रकृया पूरा गरी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन नपरी ऐनको दफा २६घ२. बमोजिम बाँडफाँड गर्दा ऐनको दफा १३ को उपदफा (१क) बमोजिम फाँटवारीमा देखाइएको मोही लागेको जग्गा तथा मोहीमा कमाएको जग्गाको फाँटवारी छानविन गर्ने र जग्गाधनी तथा मोहीले भरेका फाँटवारी विवरण मिलान भएपछि मिलान भएको र नभएको छुट्टाछुट्टै लगत तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम तयार भएको लगत अनुसार ऐनको दफा २६घ. बमोजिम जग्गाधनी तथा मोहीलाई झिकाई आवश्यक प्रमाण बुझ्नु पर्ने भएमा सो समेत बुझी बाँडफाँडको कारवाही गरिनेछ ।

(४) जग्गाधनीको मृत्यु भई निजको हकदारको नाममा हक नसरेको अवस्थाको जग्गाको मोहीले बाँडफाँड गरी पाउँ भनी माग गरेमा ऐन र यी नियमहरुमा तोकिएको प्रकृया पूरा गरी बाँडफाँड गरिदिनु पर्नेछ ।

(५) मोहीको मृत्यु भई निजको हकदारको नाममा मोहियानी हक नामसारी नभएको अवस्थामा बाँडफाँडको लागि जग्गाधनीले निवेदन गरेकोमा बुझ्दा मृतक मोहीका एकासगोलका हकदार उपस्थित भई स्वीकार गरेमा आवश्यक जाँचबुझ गरी सोही अनुसार बाँडफाँड गरिदिनु पर्नेछ । त्यसरी स्वीकार नगरेको अवस्थामा अन्य बुझ्नु पर्ने प्रमाण बुझी ऐनको दफा २६छ. को अधीनमा रही बाँडफाँड हुन सक्ने भएमा मोहीको भागमा पर्न जाने जग्गाको हकमा पछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हकदारले हक कायम गरी माग्न आएका बखत दाखिल खारेज हुने गरी कित्ता छुट्याई जग्गाधनीकै नाममा रोक्का राखी बाँडफाँड गर्नु पर्नेछ ।

(६) मोही लागेको जग्गा ऐन बमोजिम बाँडफाँड गर्दा वा ऐनको व्यवस्था बमोजिम वा अदालतको निर्णयले मोही लगत कट्टा गर्नु पर्ने भएमा अनुसूची-१६क. बमोजिमको लगत राखी मोहीको दर्ता किताब अनुसूची-१६ वा सो सम्बन्धी अन्य प्रमाणमा निर्णयको छोटकरी व्यहोरा जनाई लगत कट्टा गर्नु पर्नेछ र सोही व्यहोराको जानकारी मालपोत कार्यालयमा पठाई मालपोत कार्यालयमा रहेको जग्गा धनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाण पूर्जा समेत अद्यावधिक गर्नु पर्नेछ ।

२४ज. जग्गा रोक्का राख्न सक्ने: ऐन बमोजिम जग्गा बाँडफाँड गरी पाउँ भनी मोहीको निवेदन परेपछि सो निवेदनमा टुङ्गो नलागेसम्म त्यस्तो जग्गा कुनै किसिमले हक हस्तान्तरण हुन नपाउने गरी रोक्का राखी बाँडफाँडको कारबाही गरिनेछ ।"

६. मूल नियमहरुमा परिच्छेद ४क. र ४ख. थप : मूल नियमहरुको परिच्छेद ४ पछि देहायका परिच्छेद ४क. र ४ख. थपिएका छन् :-

"परिच्छेद-४क

भू-उपयोग सम्बन्धी व्यवस्था

३९च. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) भू-उपयोग सम्बन्धी नीति तथा कार्यनीति निर्धारण गर्ने,

(ख) भू-उपयोग सम्बन्धी कार्यक्रम स्वीकृत गर्ने,

(ग) भू-उपयोग कार्यक्रमको संचालन गर्न श्री ५ को सरकारका विभिन्न निकायलाई आवश्यक निर्देशन दिने,

(घ) स्वीकृत भू-उपयोग कार्यक्रमका लागि विनियोजित बजेट बाँडफाँड गरी संचालन गर्ने,

(ङ) भू-उपयोग कार्यक्रम संचालन गर्न आवश्यक भू-उपयोग नक्सा तयार गर्ने,

(च) जिल्लामा भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी कार्यक्रम संचालन गर्न जिल्लास्तरीय भू-उपयोग तथा स्थानीय चक्लाबन्दी समिति गठन गर्न सिफारिश गर्ने,

(छ) जग्गालाई वैज्ञानिक आधारमा बसोबास, कृषि, वन, चरन, पर्यटकीय, औद्योगिक आदि विविध क्षेत्रमा छुट्याई व्यवस्थित बसोबास गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने,

(ज) विभिन्न निकायबाट संचालन हुने भू-उपयोग सम्बन्धी कार्यक्रममा समन्वय ल्याई दोहोरोपन हटाउने,

(झ) भू-उपयोग कार्यक्रम संचालनका सन्दर्भमा परी आउने अन्य काम गर्ने ।

३९छ. भू-उपयोगको क्षेत्र तथा प्राथमिकताक्रम निर्धारण : भू-उपयोगको क्षेत्र तथा प्राथमिकताक्रम परिषद्ले आवश्यक जाँचबुझ गरी गराई निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९ज. भू-उपयोग कार्यक्रममा क्षतिपूर्ति : भू-उपयोगको निर्धारण गर्दा र कार्यक्रम संचालन गर्दा गराउँदा क्षतिपूर्ति दिनु पर्ने भएमा परिषद्ले आवश्यक जाँचबुझ गरी गराई सिफारिश गरे बमोजिम श्री ५ को सरकारले प्रचलित कानून बमोजिम दिन सक्नेछ ।

३९झ. भू-उपयोग आयोजना संचालन : मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरी आवश्यकता अनुसार भू-उपयोग आयोजना संचालन गर्न सक्नेछ ।

३९ञ. भू-उपयोग समितिको गठन : (१) जिल्लामा भू-उपयोग कार्यक्रम संचालन गर्न तथा ऐनको दफा ५१छ. को प्रयोजनको लागि एक जिल्लास्तरीय भू-उपयोग समितिको गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा परिषद्को सिफारिशमा मन्त्रालयले तोकेको अध्यक्ष तथा सदस्य रहनेछन् ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि उपनियम (१) बमोजिम गठित समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३९ट. स्वीकृति नलिई भू-उपयोग परिवर्तन गर्न नपाइने : (१) नियम ३९ञ. बमोजिम गठित समितिको स्वीकृति नलिई एक उपयोगका लागि निर्धारित जग्गा अर्को उपयोगमा लगाउन पाइने छैन ।

(२) उपनियम (१) बमोजिम निर्धारित भू-उपयोगको जग्गाको उपयोग परिवर्तन गर्ने स्वीकृति माग गर्दा अनुसूची-२१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उप-नियम (२) बमोजिमको निवेदनमा समितिले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा स्वीकृति दिन सक्नेछ ।

३९ठ. अधिकारी तोक्ने : ऐनको दफा ५१ट. को प्रयोजनका लागि अधिकारीमा भूमिसुधार अधिकारीलाई तोकिएको छ ।

## परिच्छेद- ४ख.

## जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी सम्बन्धी व्यवस्था

३९ड. जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी कार्यक्रमको संचालन : (१) परिषद्ले नेपाल अधिराज्यको कुनै वा सबै क्षेत्रमा जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी कार्यक्रम संचालन गर्न श्री ५ को सरकार समक्ष सिफारिश गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिश प्राप्त भएपछि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी सम्बन्धी कार्यक्रम संचालन गर्न सक्नेछ ।

३९ढ. जग्गाको चक्लाबन्दी गर्ने प्रकृयाको निर्धारण : श्री ५ को सरकारले चक्लाबन्दी कार्यक्रमको संचालन गर्दा देहायको प्रकृया अपनाउन सक्नेछ :-

(क) एक आपसमा सट्टापट्टा गरेर,

(ख) सहकारिता वा समुदाय प्रणालीद्वारा संयुक्त रुपमा खेती गराएर,

(ग) भाडामा लिएर,

(घ) श्री ५ को सरकार वा स्थानीय निकायले जग्गा लिई वितरण गरेर,

(ङ) एकै जनाले बृहत खेती गर्ने व्यवस्था मिलाएर ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४५

३९ण. छरिएका कित्ता एकीकरण गर्ने : मूल्याङ्कन समितिले चक्लाबन्दी प्रयोजनको लागि निर्धारण गरिएको क्षेत्रभित्र धेरै ठाउँमा छरिएर रहेका धेरै कित्ताहरुलाई एकीकरण गरी एउटा चक्ला बनाउन हरेक कित्ताको मूल्य निर्धारण गरी त्यस्तो मूल्यलाई आधार बनाई जग्गा सट्टापट्टा वा मूल्य थपघट गरी चक्ला कायम गर्न सक्नेछ ।

३९त. जग्गाको मूल्याङ्कन गर्ने : (१) जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी कार्यक्रम संचालन भएको क्षेत्रभित्र रहेका सम्पूर्ण कित्ता जग्गाको किसिम र वर्गीकरण लगायत समितिले उपयुक्त ठहऱ्याएको अन्य आधारमा मूल्याङ्कन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम जग्गाको मूल्याङ्कन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक मूल्याङ्कन समितिको गठन हुनेछ :–

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय - अध्यक्ष

(ख) जिल्ला विकास समितिका सभापति वा निज नभएमा उपसभापति -सदस्य

(ग) स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति -सदस्य

(घ) प्रमुख, आन्तरिक राजश्व कार्यालय सो कार्यालय नभएको ठाउँमा कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य

(ङ) भूमि सुधार अधिकारी, भूमि सुधार कार्यालय -सदस्य

(च) प्रमुख, मालपोत कार्यालय -सदस्य

(छ) प्रमुख, नापी शाखा -सदस्य

(ज) सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको वडा अध्यक्ष -सदस्य

(झ) चक्लाबन्दी सम्बन्धी कार्य हेर्ने सम्बन्धित जिल्लाको अधिकृत -सदस्य-सचिव

(३) मूल्याङ्कन समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) मूल्याङ्कन समितिले जग्गाको मूल्याङ्कन गर्दा जग्गाको किसिम, वर्गीकरण आदि समेतलाई दृष्टिगत गरी गर्न सक्नेछ ।

(५) समितिले आवश्यकता अनुसार अन्य कुनै निकायका सम्बन्धित विषयका विशेषज्ञ वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३९थ. जग्गाको न्यूनतम एकाई निर्धारण गर्ने : श्री ५ को सरकारले जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी कार्यक्रम संचालन गरेको क्षेत्रमा देहायको भन्दा सानो एकाईमा जग्गा खण्डीकरण गर्न पाइने छैन :-

(क) तराई तथा भित्री मधेशको कृषि क्षेत्रमा ३५० वर्ग मिटर,

(ख) तराई तथा भित्री मधेशको शहरी, आवास तथा व्यावसायिक क्षेत्रमा ८५ वर्ग मिटर,

(ग) उपत्यका भित्रका कृषि क्षेत्रमा २५० वर्ग मिटर,

(घ) उपत्यका भित्र शहरी क्षेत्रमा ८० वर्ग मिटर



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अन्य पहाडी प्रदेशको कृषि क्षेत्रमा १२५ वर्ग मिटर,

(च) पहाडी प्रदेशको शहरी क्षेत्रमा ८० वर्ग मिटर ।

३९द. स्वेच्छाबाट चक्लाबन्दी गर्ने व्यवस्था : (१) चक्लाबन्दी कार्यक्रम संचालन गरीएको क्षेत्रका किसानले आफ्नो स्वेच्छाले चक्लाबन्दी गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम स्वेच्छाले चक्लाबन्दी गर्न अनुमति दिंदा परिषद्को सिफारिशमा श्री ५ को सरकारले देहाय बमोजिमका सुविधा उपलब्ध गराउन सक्नेछ :-

(क) किसानले स्वेच्छाले जग्गा साटासाट गरी चक्लाबन्दी गराउन चाहेमा सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउन,

(ख) चक्लाबन्दी कार्यक्रम संचालन हुने क्षेत्रमा मल, वीउ, कृषि औजार आदि सहुलियत दरमा उपलब्ध गराउन,

(ग) चक्लाबन्दी सम्बन्धी सेवा तथा सुविधा आवश्यक भएमा त्यस्ता सेवा तथा सुविधा उपलब्ध गराउन ।

३९ध. बिभिन्न निकायको भूमिका : परिषद्बाट चक्लाबन्दी गर्न सिफारिश गरिएका क्षेत्रमा परिषद्ले तोकेको श्री ५ को सरकारका बिभिन्न निकाय तथा श्री ५ को सरकारका स्वामित्व भएका संस्थाले एक आपसमा समन्वयात्मक भूमिका निर्वाह गरी चक्लाबन्दी कार्यक्रम संचालन गर्ने कार्यमा सहयोग पुऱ्याउनु पर्नेछ ।

३९न. स्थानीय चक्लाबन्दी समिति गठन : (१) श्री ५ को सरकारले परिषद्को सिफारिशमा चक्लाबन्दी सम्बन्धी कार्यक्रम कार्यान्वयन गराउन आवश्यकता अनुसार जिल्लास्तरीय समिति गठन गर्न सक्नेछ । यसरी गठन हुने जिल्लास्तरीय समितिले आवश्यकता अनुसार कार्यक्रम संचालन गर्न गाउँ तथा नगरस्तरीय समिति गठन गर्न सक्नेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३९प. सहकारी खेती गर्नेलाई सुविधा दिइने : ऐनको दफा ५१झ. बमोजिम देहायका कृषि उत्पादन गर्नको लागि सहकारी खेती गर्न चाहनेलाई परिषद्को सिफारिशमा श्री ५ को सरकारले आवश्यक सहुलियत तथा सुविधा उपलब्ध गराउन सकनेछ :-

(क) खाद्यान्न वाली

(ख) नगदे वाली

(ग) फलफूल

(घ) जडीबुटी

(ङ) पशुपालन

(च) परिषद्ले तोकेको अन्य कुनै उत्पादन ।"

१७. मूल नियमहरुमा नियम ४६क. थप : मूल नियमको नियम ४६ पछि देहायको नियम ४६क. थपिएकोछ :-

"४६क. निर्देशिका जारी गर्न सक्ने : श्री ५ को सरकारले यी नियमहरुको उद्देश्य पूरा गर्न आवश्यक निर्देशिका जारी गर्न सक्नेछ । "

१८. मूल नियमहरुको अनुसूचीमा संशोधन : मूल नियमहरुको अनुसूचीको,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) अनुसूची-५ को सट्टा यसैसाथ संलग्न अनुसूची-५ राखिएको छ ।

(२) अनुसूची-६ को ठाउँ ठाउँमा रहेका "दफा १३ को उपदफा (१)" भन्ने शब्दहरु पछि "र १क" भन्ने शब्दहरु र "जग्गावालाहरु" भन्ने शब्दहरु पछि "र मोहीहरु" भन्ने शब्दहरु थपिएका छन् ।

(३) अनुसूची-७ को सट्टा यसैसाथ संलग्न अनुसूची-७ राखिएको छ ।

(४) अनुसूची-९ मा रहेका "५ वर्ष" भन्ने शब्दहरुको सट्टा "१० वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(५) अनुसूची १६ पछि यसैसाथ संलग्न अनुसूची १६क. थपिएकोछ ।

(६) अनुसूची-१८ मा रहेका "नियम २३ को उपनियम (३)" भन्ने शब्दहरुको सट्टा "नियम १६ को उपनियम (७) तथा नियम २३ को उपनियम (४)" भन्ने शब्दहरु राखिएका छन् ।

(७) अनुसूची-२० पछि यसैसाथ संलग्न अनुसूची-२१ थपिएकोछ ।

१९. खारेजी : मूल नियमहरुको नियम ११ खारेज गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५

(नियम १६ को उपनियम (६) संग सम्बन्धित)

नियम १६ को उपनियम (६) बमोजिम कुनै जग्गाको मोहीयानी हक बापतको जग्गा यस नियम बमोजिम बिक्री वितरणमा पाउने व्यक्तिलाई भूमिसुधार अधिकारीले दिने प्रमाणपत्रको ढाँचा।

श्री ५ को सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार कार्यालय . . . .

मिति :-

यस जिल्लाको . . . . . . . . . गाउँ विकास समिति / नगरपालिकाको वडा नं. . . . मा बस्ने श्री . . . . . . . . . . . . . . . . . को छोरा / छोरी श्री . . . . . . . . . . . . . . . . लाई नियम १४ को उपनियम (१) बमोजिम प्राप्त निम्नलिखित जग्गा बिक्री वितरण गरी निजको नाम जग्गावालाको हैसियतले दर्ता गरिएकोले भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम १६ को उपनियम (६) अनुसार यो प्रमाणपत्र दिइएको छ।

| गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | किसिम | साविक जग्गावालाको नामथर | साविक मोहीको नामथर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

श्री ५ को सरकारको तर्फबाट

. . . . . . . . . . . . . .

भूमि सुधार अधिकारी

नोट :

उक्त जग्गा पाउने व्यक्तिले त्यसको निर्धारित मोल जिल्ला भूमिसुधार अधिकारीले तोके बमोजिम एकमुष्ट वा
१ किस्ताबन्दीमा बुझाउनु पर्नेछ।

नियम १६ को उपनियम (२) र नियम २१ बमोजिम निर्धारित मोलको रकम नबुझाएमा ऐन र यी नियमहरु बमोजिम जरीवाना र सम्बन्धित जग्गा जफत समेत हुन सक्नेछ। उक्त जग्गाको पूरा मोल भुक्तान नगरेसम्म वा जग्गा बहाली पाएको १० वर्ष नपुगेसम्म जुन पछिल्लो हुन्छ सो अवधिसम्म उक्त जग्गा बेच बिखन गर्न वा अरु कुनै रुपले अरु
१ व्यक्तिलाई हक छाडी दिन वा अंशवण्डा गर्न हुदैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -७

(नियम १८ को उप-नियम (२) संग सम्बन्धित)

जग्गावाला वा मोहीले वा निजको तर्फबाट कसैले दाखिला गर्नु पर्ने जग्गाको फाँटवारीको ढाँचा

श्रीमान् भूमिसुधार अधिकारी ज्यू,
........................कार्यालय ।

भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम १८ को उप-नियम (१) बमोजिम प्रकाशित सूचना अनुसार जग्गावाला वा मोहीको हैसियतले नेपाल अधिराज्यभर म, मेरो पत्नी, १६ वर्ष उमेर नपुगेको छोरा तथा १६ वर्ष उमेर नपुगेकी अविवाहिता छोरी समेत संग रहेको जग्गाको फाँटवारी तथा परिवार विवरण देहाय वमोजिम छ :-

(क) जग्गाको विवरण

| क. सं | जग्गाको विवरण | | | | | | | कसको नाउमा दर्ता कायम रहेको | ज.ध. / मोहीको नाम, थर, वतन | हदवन्दी भन्दा बढी जग्गा भए राख्ने वा छाड्ने | प्रमाण संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | गा.बि.स / न.पा. | वार्ड नं / नक्सा नं. | कि. नं | क्षेत्रफल (स्थानीय नाप अनुसार) मोही नलागेको | मोही लागेको | मोही भै कमाएको | | | | | |
| | | | | | | | | | | | | |

(ख) उल्लेखित विवरण मध्ये घरवारीको निमित्त राख्न चाहेको जग्गाको विवरण:-

| क्र.सं | जग्गाको विवरण | | | | | कसको नाउमा दर्ता कायम रहेको | मोही लागेको भए मोहीको नाम, थर, बतन | जग्गाधनीबाट प्राप्त हुने भए ज.ध.को नाम, थर | प्रमाण संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | गा.वि.स / न.पा. | वार्ड नं. / नक्सा नं. | कि.नं | क्षेत्रफल (स्थानीय नाप अनुसार) | | | | | |
| | | | | | | | | | | |

(ग) माथि उल्लेखित विवरण बमोजिमको जग्गामा म, र मेरो अंश लाग्ने अंशियारहरुको विवरण देहाय वमोजिम छ ।

| क्र.सं. | नाम, थर | लिङ्ग | उमेर | नाता | पति/बाबुको नाम | ससुरा/बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(घ) माथि लेखिए देखि बाहेक नेपाल अधिराज्यभरमा मेरो र मेरो परिवारको नाउमा अरु जग्गा छैन भन्ने मलाई यकिन छ । विवरण झुट्टा ठहरिए वा सावित भए कानून बमोजिम सजाय भोग्न तयार छु ।

(ङ) उपरोक्त बमोजिमको २ (दुई) प्रति फाराम भरी पेश गरेको छु ।

फाँटवारी भरि दाखिला गर्ने जग्गावाला वा मोहीको
हस्ताक्षर:-
नाम, थर :-
बाबु/पति :-
बाजे/ससुरा .-
वतन :-
ना.प्र.नं.................जिल्ला............मिति.............

संलग्न प्रमाण कागजहरु :-
(क) जग्गाधनी दर्ता प्रमाणपुर्जाको नक्कल थान -
(ख) मालपोत बुझाएको रसिदको नक्कल थान -
(ग) मोहियानी प्रमाण पूर्जाको नक्कल थान -
(घ) नागरिकता प्रमाण पत्रको नक्कल थान-
(ङ) अन्य:-

जग्गावाला वा मोही नावालक वा होश ठेगान नभएको भए निजको अभिभावक या हकवालाको
हस्ताक्षर:-
नाम, थर :-
वाबु/पति :-
बाजे/ससुरा:
वतन:-
ना.प्र.नं.................जिल्ला.................मिति

इति सम्वत् २०......साल ..........महिना.........गते..........वार ...........शुभम् ।



६६०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१६ (क)

(नियम २४छ. को उपनियम (६) संग सम्बन्धित)

**मोही लगत कट्टाको विवरण**

| क.सं | कट्टा भएको मोहीको नाम, थर | वतन | लगत कट्टा भएको जग्गाको विवरण | | | | | लगत कट्टा भएको व्यहोरा | | | | निर्णय मिति | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जग्गाधनीको नाम, थर | गा.वि.स. ⁄ नगरपालिका | वडा नं. | कित्ता नं. | क्षेत्रफल (स्थानीय नाप अनुसार) | मोहीले जग्गा प्राप्त गरेको भए सो को क्षेत्रफल | अदालतको मिलापत्र वा फैसला भए सो व्यहोरा | कार्यालयको निर्णयबाट कट्टा भएको भए सो को व्यहोरा | अन्य कुनै कारणबाट भए सो को व्यहोरा | | | |
| | | | | | | | | | | | | | | |

...............
तैयार गर्ने

...............
रुजु गर्ने

...............
प्रमाणित गर्ने
भूमि सुधार अधिकारी



६०३२ ६६४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची-२१

(नियम ३९ट. को उपनियम (२) सँग सम्बन्धित)

भू-उपयोग परिवर्तन माग गर्ने आधारहरु प्रस्तुत गरेको निवेदनको ढाँचा

श्रीमान् . . . . . . . . .अध्यक्षज्यू,

............................... जिल्ला भू-उपयोग समिति,

....................जिल्ला ।

विषयः निर्धारित भू-उपयोग परिवर्तन गरिपाउँ भन्ने सम्बन्धमा ।

भू-उपयोग परिवर्तन सम्बन्धी माग निवेदन निम्न बमोजिम प्रस्तुत गर्दछु । सो बमोजिम निर्धारित भू-उपयोग परिवर्तन गरी निम्न बमोजिम भू-उपयोग कायम गरिदिनु हुन अनुरोध गर्दछु ।

१. निर्धारित भू-उपयोगमा रहेको जग्गाको विवरण :

(१) जग्गावालाको नाम, थर र वतन :-

(२) मोहीको नाम, थर र वतन :-

(३) जग्गाको विवरणः-

| गा.वि.स. /नगरपालिका | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(४) भू-उपयोग परिषद्ले निर्धारण गरेको भू-उपयोग क्षेत्र :-

(५) भू-उपयोग परिषद्ले निर्धारण (स्वीकृत गरेको) मिति :-

(६) निर्धारित शर्तहरु :-

(क) . . . . . . . . .

(ख) . . . . . . . . .

(ग) . . . . . . . . .

(घ) . . . . . . . . .

२. परिवर्तन माग गर्नुपर्नाको कारण :-. . . . . . . . . . . . . . .

३. परिवर्तन गर्न चाहेको विषय :-. . . . . . . . . . . . . . . . . . .

परिवर्तन पछि हुने आशातित उपलब्धिको संक्षिप्त व्यहोरा :-

निवेदक :-
सहीछाप :-
नाम, थर, वतन :-
ना.प्र.नं. :-
मिति :-

आज्ञाले,
अनन्तराज पाण्डे
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।